Washington State Department of Social & Health Services	**तपाईको नगद तथा खाद्य सहायता अधिकार तथा उत्तरदायित्वहरु** **Your Cash and Food Assistance Rights and Responsibilities**	ग्राहकको ना (घरमुली)	ग्राहक परिचय संख्या

तपाईको उत्तरदायित्वहरु (तपाईले अनिवार्य रुपले)

- **तपाई योग्य हुनुहुन्छ वा हुन्न भन्ने कुरा पत्ता लगाउन हामीलाई चाहिने सूचनाहरु हामीलाई दिनुपर्छ ।**
- **आवश्यक परेको बखत हामीलाई प्रमाण दिनुपर्छ ।** हामी तपाईबाट यो प्राप्त गर्न सक्षम हुन सक्छौं । तपाईले विभागलाई प्रदान गर्ने सूचना संघीय तथा राज्यका अधिकारीहरुद्वारा रुजु गरिन्छ । रुजुले छली अनुसन्धानकर्ताहरु सहितका विभागका कर्मचारीहरुद्वारा गरिने फलो-अप सम्पर्क समावेश गर्नसक्छ ।
- **सामाजिक तथा स्वास्थ्य सेवाहरुको विभागलाई उपलब्ध गराइएको सूचना** ले स्वास्थ्य रेखदेख प्राधिकरण तथा स्वास्थ्य सुविधा विनमयको योग्यतालाई असर गर्नसक्छ ।
- WAC 388-418-0005 मा अनिवार्य गरिए बमोजिम (ठेगाना, आय आदि जस्ता) **परिवर्तनहरुको बारेमा सूचना दिनुपर्छ** । आउँदो महिनाको 10 तारिख भित्र यस्ता परिवर्तनहरुको बारेमा सूचना दिनुहोस् ।
- तपाई TANF अनुदान स्वीकार्नु हुन्छ भने **बाल समर्थन डिभिजनसँग सहकार्य गर्नुपर्छ** । तपाईले अनिवार्य रुपले आफ्नो रेखदेखमा रहेको बच्चा(हरु) को बाल समर्थन स्थापित गर्न, परिमार्जन गर्न तथा लागू गर्न तथा (आवश्यक भए) पितृत्व वा मातृत्व स्थापित गर्न DCS लाई सहयोग गर्नुपर्छ । DCS सँग सहकार्य गर्नुले तपाई, आफ्नो बच्चाहरु वा आफ्नो रेखदेखमा रहेका बच्चाहरुलाई तिनीहरुको जिम्मा नलिएको आमा वा बुबाको कारणले जोखिममा पार्न सक्छ भन्ने कुरा विश्वास गर्ने मजबुत कारण छ भनेर देखाउन सक्नुहुन्छ भने तपाई DCS सँग सहकार्य गर्न इन्कार गर्न सक्नुहुन्छ ।
- तपाईले नगद सहायताको लागि अनुरोध गर्दा वा प्राप्त गर्दा अन्य श्रोतबाट सम्भाव्य आम्दानी प्राप्त गर्नका लागि **आवेदन दिनुपर्छ** र उचित प्रयत्न गर्नुपर्छ ।
- **आवश्यक प्रतिवेदन तथा पुनरावलोकनहरु पूरा गर्नुपर्छ ।**
- नगत सहायता तथा खाद्यान्न सहायताको लागि चाहिने **रोजगारी आवश्यकताहरुको पालना गर्नुपर्छ ।**
- तपाई आफ्नो पक्षबाट आफ्नो खाद्यान्न सहायता अरु कसैले प्रयोग गरोस् भन्ने चाहनु हुन्छ भने **हामीलाई भन्नुपर्छ ।**
- **हाम्रो गुणस्तर नियन्त्रण पुनरावलोनहरुसँग सहकार्य गर्नुपर्छ ।**
- आफ्ना परिवारका सदस्यहरुको लागि खाद्यान्न खरीद गर्न मात्र **खाद्यान्न सहायताको प्रयोग गर्नुपर्छ ।**
- आफ्ना परिवारका सदस्यहरुको फाइदाको लागि मात्र **नगद सहायताको प्रयोग गर्नुपर्छ ।**
- सहायताको लागि आवेदन दिने व्यक्तिहरुको लागि मात्र **तपाईले अनिवार्य रुपले सामाजिक सुरक्षा संख्या** (SSN) वा अध्यागमन स्थिति **उपलब्ध गराउनु पर्छ** । तपाई आवेदन नदिने परिवारका सदस्यहरुको SSNs वा अध्यागमन स्थिति उपलब्ध गराउन चाहनु हुन्न भने योग्यता निर्धारण गर्न आवश्यक परेको खण्डमा सम्पूर्ण परिवारका सदस्यहरुको आय तथा श्रोतहरु अनुवार्य रुपले रुजु गरिनु पर्छ ।

तपाईको अधिकारहरु (हामीले अनिवार्य रुपले)

- तपाईको नाम, ठेगाना वा तपाई वा तपाईको अधिकृत प्रतिनिधिको हस्ताक्षर सहितको **आवेदन स्वीकार गर्नुपर्छ** ।
- **तपाईलाई DSHS फारमहरु भर्न सहयोग गर्नुपर्छ ।**
- तपाई तीव्र सेवाको लागि योग्य हुनुहुन्छ भने खाद्यान्न सहायताको तपाईको अनुरोध 7 दिन भित्र **प्रशोधित गर्नुपर्छ** ।
- तपाईले कागजात प्रदान गरेपछि रसिद मागेमा **तपाईलाई रसिद दिनुपर्छ** ।
- प्राय:जसो अवस्थामा तपाईलाई 30 दिन भित्र लिखित निर्णय दिनुपर्छ ।
- तपाई जालसाजी तथा जवाफदेहिता कार्यलयको **जालसाजी सबैरै पत्ता** (FRED) लगाउने अनुसन्धानकर्तासँग **बात मार्न अस्वीकार गर्न सक्नुहुन्छ** । तपाईले उक्त अनुसन्धानकर्तालाई आफ्नो घरमा छिर्न दिइरहनु पर्दैन । तपाई उक्त अनुसन्धानकर्तालाई पछि कुनै बेला आउन लगाउन सक्नुहुन्छ । यसले सहायताको लागि तपाईको योग्यतालाई असर गर्ने छैन ।
- आफ्नो मुद्दामा विभागले दिएको कुनै निर्णयसँग सहमत हुनुहुन्न भने **तपाई प्रशासनिक सुनवाईको अनुरोध गर्न सक्नुहुन्छ** । तपाई प्रशासनिक सुनवाईको आफ्नो अधिकारलाई असर नगरिकनै कुनै सुपरिवेक्षक वा प्रशासकलाई विवादित निर्णय वा कारवाहीको पुनरावलोकन गर्न अनुरोध गर्न सक्नुहुन्छ ।
- गरीव परिवारको अस्थाही सहायता (TANF) कार्यक्रम अन्तर्गत **हामीले अनिवार्य रुपले तपाईलाई** 60-दिने समय सीमाको नियमको बारेमा **सूचित गर्नुपर्छ** । यो समय सीमा तपाईको आधारभूत खाद्यान्न वा बाल रेखदेख सहुलियतको सन्दर्भमा लागू हँदैन ।

आफ्नो EBT कार्डको बारेमा तपाईले जान्नुपर्ने कुराहरु

- **सुविधाको दुरुपयोग:** EBT कार्डको माध्यमबाट वितरण गरिएका खाद्यान्न तथा नगद सुविधाहरुले DSHS लाई तपाईले आफ्नो सुविधाको प्रयोग गरेका कारोवारहरुको इतिहास प्रदान गर्छ । विभागले नगद सहायता सुविधाको दुरुपयोग वा नगद वा कुनै वस्तुको बदलामा खाद्यान्न सहायताको विनिमय (तस्करी) को अनुसन्धानमा उक्त कारोवार सूचनाको प्रयोग गर्छ ।
- **EBT कार्ड प्रतिस्थापन:** हामी EBT कार्डहरुको प्रतिस्थापनको लागि दस्तुर लिन सक्छौं । आफ्नो EBT कार्ड र व्यक्तिगत परिचय संख्या (PIN) सुरक्षित राख्नुहोस् ।
- **उच्च मौज्दात EBT कार्डहरु:** तपाईले कुनै बेला लामो समयसम्म आफ्नो सुविधाहरुको प्रयोग गर्नु भएन वा धेरै महिनापछि उच्च मौज्दात जम्मा गर्नु भयो भने हामी तपाईको परिस्थिति वा सुविधाको आवश्यकतालाई पुनरावलोकन गर्न तपाईलाई सम्पर्क गर्नेछौं ।

तपाईले जान्नुपर्ने कुराहरु (आधारभूत खाद्यान्न)

- **हामी** सूचना सही छ वा छैन भनी जाँच्न आधारभूत खाद्यान्नको लागि आवेदन दिने व्यक्तिहरुको **सूचना** अन्य संघीय एजेन्सीहरुलाई **पठाउँछौं** । कुनै सूचना गलत भेटिएमा आवेदन दिने व्यक्तिहरु आधारभूत खाद्यान्न प्राप्त नगर्न सक्छन् । जानी जानी गलत सूचना उपलब्ध गराउने व्यक्तिहरु विरुद्ध अपराधिक मुद्धा चलाउन सकिन्छ । जानी जानी आधारभूत खाद्यान्न सम्बन्धी नियमहरु तोडने व्यक्तिहरुले कार्यक्रमको लागि अयोग्य हुने, जरिवाना तिर्ने वा सम्भाव्य रुपले जेलमा कैद हुने जस्ता सजायहरु प्राप्त गर्न सक्छन ।
- **तपाईले** नगद, औषधी, हतियार जस्ता वस्तुहरु वा अधिकृत विक्रेताबाट खाद्यान्न बाहेकका कुनै अन्य चिजको बदलामा **आफ्नो खाद्यान्न सहायता बेचेमा वा बेच्ने प्रयत्न गरेमा वा दान दिएमा** (तस्करी) तपाई कम्तीमा एक वर्षदेखि आजिवन अवधिको लागि खाद्यान्न सहायताको लागि अयोग्य घोषित हुन सक्नुहुन्छ । तपाईले वासिङ्टन राज्य छोडेर अन्य राज्यमा गई सुविधाको लागि आवेदन गरे पनि यो अयोग्यता कायम रही रहनेछ ।
- **यदि तपाईले अनिवार्य रुपले आधारभूत खाद्यान्य रोजगारी योग्यतामा भाग लिनु पर्ने अवस्था छ र तपाई** भाग लिन असक्षम हुनु भयो भने तपाई प्रथम असफलताको लागि रोजगारी आवश्यकता पालना नगरुन्जेलसम्म एक महिनाको लागि; दोस्रो असफलताका लागि पालना नगरुन्जेलसम्म तीन महिनाको लागि; र तेस्रो वा सो भन्दा माथिको असफलताको लागि पलना नगरुन्जेलसम्म छ महिनाको लागि अयोग्य हुन सक्नु हुनेछ ।
- यो पृष्ठमा सूचिकृत गरिएको आधारभूत खाद्यान्न सजायमा बर्णन गरिए अनुरुप आधारभूत खाद्यान्न कार्यक्रमको नियम तोडेमा **तपाई आधारभूत खाद्यान्न कार्यक्रमबाट हटाइन सक्नुहुनेछ ।**
- **तपाई घरायसी खर्चहरुलाई विभागले आधारभूत खाद्यान्नमा समावेश गरोस् भन्ने चाहनु हुन्छ भने तिनको बारेमा सूचना दिनुहोस् ।** तपाईले सूचना दिनु भएन र यी खर्चहरुको प्रमाण उपलब्ध गराउनु भयो भने तपाई आधारभूत खाद्यान्न प्राप्त गर्न सक्नुहुन्छ वा सक्नुहुन्न भन्ने कुराको निर्णय गर्न हामीलाई यी खर्चहरुको प्रयोग नगर्नु होस् भन्ने कुरा बताउँदै हुनुहुन्छ ।

तपाईले जान्नुपर्ने कुराहरु (नगद)

- **गरीव परिवारको अस्थाही सहायता** (TANF) **प्राप्त गरेर** तपाई आफ्नो बच्चाको तथा श्रीमान वा श्रीमतिको समर्थन अधिकार बाल समर्थन डिभिजनलाई दिनुहुन्छ । यसको अर्थ हो तपाईलाई दिइनु पर्ने समर्थन DCS ले राख्न सक्छ र यस्तो रकम तपाईले प्राप्त गर्ने सार्वजनिक सहायताको रकम जति हुन सक्छ । तपाई TANF मा रहँदा **तपाईले कुनै बच्चाको लागि बाल समर्थन भुक्तानी वा सुविधाहरु प्राप्त गर्नु भयो भने तपाईले अनिवार्य रुपले तुरुन्तै DCS बताउनु पर्छ ।**
- **तपाईले** TANF **पाउन छोड्नु भयो** भने तपाईले अनिवार्य रुपले बच्चाको स्थान बदलिनु वा ठेगाना परिवर्तन हुनु जस्ता बच्चाको समर्थनलाई असर गर्ने खालका जुनेसुकै परिवर्तनहरुको बारेमा सूचना DCS लाई दिनुपर्छ ।
- **तपाईले TANF प्राप्त गर्नु भएमा तपाई** अस्थाही आपतकालिन बासस्थान लागत तिर्न सहयोग प्राप्त गर्न **अधिक रकमको माग गर्न सक्नुहुन्छ ।**

मतदाता दर्ता

1993 को राष्ट्रिय मतदाता दर्ता ऐनले सबै राज्यहरुलाई आफ्नो सार्वजनिक सहायता कार्यलयहरु मार्फत मतदाता दर्तामा सहायता प्रदान गर्न अनिवार्य पारेको छ । मतदान गर्नका लागि दर्ता गर्न आवेदन दिनु वा दर्ता गर्न इन्कार गर्नुले तपाईलाई यो एजेन्सीले प्रदान गर्ने सेवा वा सुविधाको रकमलाईलाई असर गर्ने छैन । मतदाता दर्ता फारम भर्न तपाईलाई सहयोग चाहिएमा हामी तपाईलाई सहयोग गर्नेछौं । दर्ता गर्ने वा दर्ता गर्न अस्वीकार गर्ने तपाईको निर्णयलाई गोप्य राखिनुका साथै मतदाता दर्ता प्रयोजनको लागि मात्र प्रयोग गरिन्छ । तपाईलाई कसैले मतदान गर्नका लागि दर्ता गर्ने वा दर्ता गर्न इन्कार गर्ने, दर्ता गर्ने वा नगर्ने भन्ने बारेमा निर्णय गर्ने वा दर्ता गर्न आवेदन दिने सम्बन्धी तपाईको गोपनियताको हक, आफ्नै राजनैतिक दल वा अन्य राजनैतिक विकल्प छान्ने आफ्नो अधिकार सम्बन्धी आफ्नो अधिकारमा हस्तक्षेप गरेको छ भन्ने लागेमा तपाई निम्न कार्यलयमा उजुरी दायर गर्न सक्नुहुन्छः Washington State Elections Office PO Box 40229, Olympia, WA 98504-0229 (1-800-448-4881)।

संघीय कानून तथा अमेरिकी कृषि विभाग (USDA) र अमेरिकी स्वास्थ्य तथा मानव सेवाहरुको विभाग (HHS) को नीति अनुरुप यो संस्थालाई जाती, रंग, राष्ट्रियता, लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भेदभाव गर्न निषेध गरिएको छ । खाद्यान्न सहुलियत ऐन तथा USDA नीति अनुरुप धर्म वा राजनैतिक आस्थाको आधारमा हुने भेदभाव पनि निषेधित छ । भेदभावको बारेमा उजुरी दायर गर्नका लागि USDA वा HHS लाई सम्पर्क गर्नुहोस् । USDA, Director, Office of Civil Rights, Room 326-W, Whitten Building, 1400 Independence Avenue S.W., Washington, D.C. 20250-9410 मा चिट्ठी लेख्नुहोस् वा (202) 720-5964 (आवाज र TDD) मा टेलिफोन सम्पर्क गर्नुहोस् । HHS, director, Office for Civil Rights, Room 506-F, 200 Independence Avenue, S.W., Washington, D.C. 20201 मा चिट्ठी लेख्नुहोस् वा (202) 619-0403 (आवाज) or (202) 619-3257 (TDD) मा टेलिफोन सम्पर्क गर्नुहोस् । USDA र HHS समान अवसर प्रदायक तथा रोजगारदातहरु हुन् ।

तल हस्ताक्षर गरेर म मैले DSHS सुविधा तथा कार्यक्रमहरु प्राप्त गर्दा मलाई मेरा अधिकार तथा उत्तरदायित्वहरुको बारेमा ब्याख्या गरिएको छ भन्ने कुरा व्यक्त गर्दै छु । म आफूले यो कागजात हस्ताक्षर गर्न अस्वीकार गर्नुले मेरो योग्यतालाई असर गर्दैन तर मलाई अझै पनि कार्यक्रम आवश्यकताको लागि उत्तरदायी बनाइन्छ र म लागू हुने कार्यक्रम वा अपराधिक सजायको अधीनमा रहन्छु भन्ने कुरा बुझ्छु ।

आवेदकको हस्ताक्षर	मिति	सह-आवेदकको हस्ताक्षर	मिति

DSHS कर्मचारी ACES परिचय: ☐ हस्ताक्षर गर्न अस्वीकार ।